# जनता बैंक नेपाल लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## निर्वाचन कार्यक्रमको सूचना

जनता बैंक नेपाल लिमिटेडको संस्थापक समूहबाट ३ जना र सर्बसाधारण समूहबाट ३ जना संचालक समितिमा प्रतिनिधित्व गर्नु हुने संचालक पदको मिति २०७४।०९।२८ मा हुने निर्वाचनको प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ :

| क.सं | कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७४।०९।२० | | १५.००बजे | निर्बाचन अधिकृतको कार्यालय | |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०७४।०९।२१ | ११.०० | १५.००बजे | | |
| ३. | मतदातानामावली दाबीमा छानविन गरी अन्तीम मतदाता नामावली प्रकाशन गर्ने | २०७४।०९।२१ | | १६.०० बजे | | |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७४।०९।२४ | ११.०० | १५.००बजे | | |
| ५. | मनोनयनपत्र दर्ता भएका उम्मेदवारहरुको नामाबली प्रकाशित गर्ने | २०७४।०९।२४ | | १५.३०बजे | | |
| ६. | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने | २०७४।०९।२५ | ११.०० | १५.००बजे | | |
| ७. | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने | २०७४।०९।२५ | | १६.००बजे | | |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०७४।०९।२६ | ११.०० | १५.३०बजे | | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७४।०९।२६ | | १६.००बजे | | |
| १०. | मतदान गर्ने, मतगणना गर्ने र परिणाम घोषणा गर्ने | २०७४।०९।२८ | | | निर्बाचन,मतगणना, परिणामघोषणा, | निर्बाचन स्थलमा |

निर्वाचन अधिकृतको सही

निर्वाचन सम्बन्धि थप जानकारी

(१) संचालक निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यहरु बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकको निर्देशिका, जनता नेपाल बैंक नेपाल लिमिटेडको प्रबन्धपत्र, नियमाबली तथा संचालक निर्वाचन सम्बन्धि निर्देशिका २०७४ अनुसार हुने छ ।

(२) संचालक पदको कुनै उम्मेदवार कालोसूचीमा परी फुकुवा भएको भए वा अन्य कुनै कारणबाट संचालक पदबाट निलम्बित वा संचालक हुन अयोग्य रही सो फुकुवा भएको भए सम्बन्धित निकायको फुकुवा पत्र स्वयंले प्रतिलिपी प्रमाणित गरी आफ्नो मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

(३) उम्मेदवारको मनोनयन पत्रको ढांचा/मनोनयनपत्र निर्वाचन अधिकृतको कार्यालय, मुकाम नयाँ बानेश्वर, शंखमुलमार्गबाट प्राप्त गर्न सकिने छ ।

(४) जनता बैंक नेपाल लिमिटेडको संचालक समितिमा हाल कायम संचालकले आफ्नो नाममा उठाएको शेयरधनीको तर्फको प्रतिनिधिपत्र (प्रोक्सी) को आधारमा संचालक निर्बाचनमा उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न बन्देज लगाईएको छ ।

(५) संचालक समितिमा प्रतिनिधित्व गर्ने महिला संचालकको व्यवस्था संचालक समिति आफैले गर्ने भएकाले तत्सम्बन्धि थप व्यवस्था यस निर्वाचनमा गरिएको छैन ।

(६) प्रतिनिधि पत्र दर्ता गराउन :

(क) संचालक निर्बाचन सम्बन्धि निर्देशिका २०७४ को निर्देशन नं.५(३) अनुसार प्रोक्सी दिनु हुने शेयरधनीले आ–आफ्नो समूहको बैंकको शेयरधनीलाई मात्र आफ्नो प्रतिनिधि नियुक्त गर्नू पर्ने छ ।

(ख) ऐ निर्देशिकाको दफा दफा ५(५) को प्राबधान अनुसार प्रतिनिधि पत्रले मतदान गर्न पाउने अधिकतम हद त्यस्तो शेयरधनीले लिन पाउने अधिकतम शेयरको हद अर्थात बैंकको चुक्ता पूजीको १५ प्रतिशत सम्म मात्र हुनेछ ।

(ग) प्रतिनिधिपत्रको ढाँचा कम्पनी ऐन २०६३ बमोजिम तोकिए अनुसार वा कम्पनीको संचालक निर्बाचन निर्देशिका, २०७४ को अनुसूची २ को नमुना अनुसार हुनु पर्नेछ । तर शेयरधनीबाट सही छाप भई प्राप्त प्रतिनिधिपत्र प्रोक्सीको फोटो कपी, ईमेल वा फ्याक्स मार्फत प्राप्त प्रोक्सी फारम स्विकार गरिने छैन ।

(घ) कम्पनी रजिष्टारको कार्यालयबाट प्रकाशित कम्पनी निर्देशिका २०७२ को ४३ नं को प्रावधान अनुसार कनै संगठित संस्था बैंकको शेयरधनी रहेछ भने त्यस्तो संगठित संस्थाले प्रोक्सी नियुक्त गर्न पाउने छैन

तर त्यस्तो संगठित संस्थाले आफ्नो कुनै पदाधिकारी वा कगर गर्न योग्य अन्य कुनै व्यक्तिलाई साधारण सभामा उपस्थित हुन र मत प्रयोग गर्न पाउने गरी प्रतिनिधिको रुपमा पठाउन सकोछ ।

ङ) शेयरधनीहरुबाट प्राप्त प्रतिनिधिपत्र / **फाइलमा फाइलिङ्ग गरी निम्न** अनुसारको ढांचामा निर्वाचन अधिकृतको कार्यालय,मुकाम शंखमुल मार्ग नयाँ बानेश्वर स्थित बैंकको कार्यालयमा वा काठमाडौ प्लाजा कमलादी स्थित बैंकको शेयर रजिष्ट्रार काठमाडौ क्यापिटल मार्केटमा, शेयरधनी महानुभावहरुले आफ्नो सुबिधा अनुसार दर्ता गराउन सक्नू हुनेछ । सो प्रोक्सी फारमको फाईल मिति २०७४।०९।१६ देखि २०७४।०९।२३ को बिहान ११ बजे भित्र सम्ममा पेश **गरी सक्नू पर्ने छ । यसरी प्रोक्सीको फाइल पेश गरिए पछि निर्वाचन अधिकृतको कार्यालयबाट सो फाईल बुझि लिएको निस्सा,भरपाई दिईनेछ ।**

............समूह को प्रतिनिधिपत्र (प्रोक्सी) पेश गर्ने शेयरधनीको नाम :......................

ठेगाना :

शेयरधनी परिचय नम्बर वा BOID Number :

| क्रम संख्या | प्रतिनिधि मुकरर गर्ने | | | कैफियत |
|---|---|---|---|---|
| | शेयरधनीको नाम | शेयरधनी परिचय नम्बर वा BOID Number M | शेयर कित्ता | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

जम्मा शेयर कित्ता:________

....................................

प्रतिनिधिपत्र पाउने दस्तखत

पेश गरेको मिति : २०७४ पौष.... गते

समय : ............ बजे

(च) निर्वाचन अधिकृतको कार्यालयले मिति २०७४।०९।१६ बाट मिति २०७४।०९।२१ सम्म विहान ११:०० बजे देखि वेलुकी १६:०० बजे सम्म तथा मिति २०७४।०९।२३ का दिन विहान ८:०० बजे देखि ११:०० बजेसम्म निर्बाचन अधिकृतको कार्यालय मुकाम शंखमुलमार्ग, नयाँ बानेश्वर स्थित बैंकको कार्यालय वा बैंकको शेयर रजिष्ट्रार काठमाडौं प्लाजा, कमलादी स्थित काठमाडौ क्यापिटल मार्केट लिमिटेडमा तोकिएको ढांचाको प्रतिनिधिपत्रको फाइल बुझी लिने व्यवस्था गरिएको छ ।

घ) निर्वाचन प्रकृया सम्बन्धी थप जानकारी आवश्यक भएमा जनता बैंक नेपाल लि.को संचालक निर्बाचन सम्बन्धि निर्देशिका २०७४ बाट तथा नयाँ बानेश्वर, शंखमुल मार्गमा रहेको बैंकको कार्यालय, तथा निर्वाचन अधिकृतको कार्यालय मुकाम, शंखमुल मार्ग नयाँ बानेश्वरमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सीताराम तिवारी

बरिष्ट अधिवक्ता/निर्वाचन अधिकृत

मिति २०७४।०९।१३